प.सं. :- ०८२/८३

च.नं. :- ४१७

मिति :- वि.सं. २०८२/१२/१६

ने.स. :- ११४६ चौलाथ्व, १२ सोमवार

विषय: प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को पहिलो बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्यसूचीको बुदाँ नं. ४२ मा सट्टेबाजी एप र त्यस सम्बन्धी वेवसाइट २४ घण्टा भित्र बन्द गर्ने उल्लेख भए बमोजिम श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रलायबाट मिति २०८२/१२/१५ मा त्यस्ता एप तथा वेवसाइटहरु बन्द गर्न निर्देशन भएको व्यहोरा अवगत नै छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ को उपदफा १ (ख) मा जुवा खेल्न/खेलाउन वा प्रचलित कानून बमोजिम अनुमति नलिएको चिट्टा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा विज्ञापन गर्न नहुने, ऐ ऐनको दफा ५ को खण्ड (छ) मा प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा विज्ञापन गर्न नहुने व्यवस्था तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (१) मा जुवा खेल्नु वा खेलाउनु नहुने व्यवस्था गरी नेपालमा जुवा, बेटिङ्ग सम्बन्धी कुनै पनि किसिमको विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन निषेध गरिएको छ। साथै, उल्लेखित कानूनी व्यवस्था कार्यान्वयनका लागि अनलाइन जुवा, सट्टाबाजी नगर्न/नगराउन भनी बोर्डबाट मिति २०८२/०५/१३ मा विज्ञप्तिसमेत जारी गरिएको छ।

तसर्थ, सबै प्रकारका सञ्चारमाध्यम, सामाजिक सञ्जाल पेज, वेबसाइट वा व्यक्ति/संस्थाले अनलाइन जुवा, बेटिङ्ग लगायतका प्रचलित कानूनले निषेध गरेका विज्ञापनहरु प्रकाशन, प्रसारण र प्रदर्शन नगर्न/नगराउन तथा त्यस प्रकारका विज्ञापन प्रकाशन, प्रसारण र प्रदर्शन भएको भए तत्काल बन्द गर्न/गराउन सम्पूर्ण सरोकारवालालाई अनुरोध छ।

उल्लेखित प्रकारका विज्ञापन प्रकाशन, प्रसारण वा प्रदर्शन गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही गरिने हुँदा त्यस्ता गतिविधि भए/गरेको पाइएमा विज्ञापन बोर्डमा यथाशीघ्र उजुरी गर्न सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))

प्रमुख प्रशासकीय अधिकृत